# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र २१ गते २०२२ साल

श्री ५ को सरकार

उद्योग वाणिज्य मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ (संशोधनहरू सहित) को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गा नेशनल ट्रेडिङ्ग लिमिटेडको गोदाम घर बनाउनको निमित्त प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा धनीलाई सो जग्गा लिंदाको मोल र अरू नोक्सानीबापत क्षतिपूर्ति दिइने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पर्सा जिल्ला वीरगञ्ज मौजा मुरली श्रीपुर इलाका पीचरोडदेखि पूर्व, श्री नागनाथको र श्रीमती इन्दिरा राणाको जग्गादेखि पश्चिम, निजै श्रीमती इन्दिरा राणाको जग्गादेखि उत्तर र कच्ची बैलगाडीको सडकदेखि दक्षिण यति ४ किल्लाभित्रको मालपोत रू. १२०।८३ (एकसय वीस रुपैयाँ त्रियासी पैसा) लागेको जग्गा ६।०।।।१।। (छ बिगहा साढे सोन्ह धुर) को कित्ता एक ।

आज्ञाले–

कुमारमणि आ. दीक्षित

श्री ५ को सरकारको सह–सचिव ।

३८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।